नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(पिलर-४)

फोन: ०१-४५११७७६
Ext: १०१७
फ्याक्स : ०१-४५१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं


# प्रेस विज्ञप्ति: ६२

## "Operation: Route to Root"

### ''संरक्षित वन्यजन्तु गैंडा चोरी शिकारी गरी अवैध रूपमा गैंडाको खाग (आखेटोपहार) ओसारपसार तथा खरिद बिक्री गर्ने १५ जना मानिसहरू पक्राउ"

संरक्षित वन्यजन्तुको आखेटोपहार अवैध रूपमा ओसारपसार तथा खरिद बिक्री गर्न लागेको भन्ने विशेष सूचनाको आधारमा वातावरण तथा वन्यजन्तुसँग सम्बन्धित अपराध रोकथाम, नियन्त्रण तथा अनुसन्धानको लागि मिति २०७९।०९।१९ गते केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरी टोलीले जिल्ला काठमाण्डौ का.म.पा. वडा नं. ७ सरस्वतीनगर टोलबाट संरक्षित वन्यजन्तु गैंडाको खाग थान-१ (तौल ५२२ ग्राम) सहित निम्न घर ठेगाना भएका दुई जना मानिसहरूलाई पक्राउ गरि आवश्यक कानुनी कारवाहीको लागि मिति २०७९।०९।२० गते डिभिजन वन कार्यालय हात्तीसार, काठमाण्डौमा बुझाइएको।

**मिति २०७९।०९।१९ गते पक्राउ मानिसहरू:**

१. जिल्ला झापा साविक चन्द्रगढी गा.बि.स. वडा नं. १, हाल ऐ. भद्रपुर नगरपालिका वडा नं. १० बस्ने बर्ष ४५ को ईन्द्रमणी आचार्य।

२. जिल्ला बाँके, कोहलपुर नगरपालिका वडा नं. ११, बस्ने बर्ष ४१ की जमुना कुमारी शर्मा।

**वरामद सामान**:-

संरक्षित वन्यजन्तु गैंडाको खाग (आखेटोपहार) तौल ५२२ ग्राम भएको थान-१ (एक)।







प्रारम्भिक सोधपुछ तथा अनुसन्धानको क्रममा उक्त कारोबारमा संलग्न रहेका थप व्यक्तिहरूको विवरण खुल्न आएपश्चात डिभिजन वन कार्यालय, हात्तिसार, काठमाण्डौं समेतको समन्वय र सहकार्यमा निम्न घर ठेगाना भएका थप १३ जना मानिसहरूलाई पक्राउ गरि आवश्यक कानुनी कारवाहीको लागि डिभिजन वन कार्यालय, हात्तिसार, काठमाण्डौंमा बुझाईएको।



**मिति २०७९।१०।१२ गते पक्राउ मानिसहरू :-**

१. जिल्ला काठमाण्डौं, का.म.पा. सितापाईला चोकबाट साविक जिल्ला पाल्पा भुवनपोखरी गा.बि.स. वडा नं. ०९ बस्ने बर्ष ६२ को बाबुलाल भट्टराई।



२. जिल्ला काठमाण्डौं गंगबु चोकबाट जिल्ला कैलाली मसुरिया गा.बि.स. वडा नं. ०१ बस्ने बर्ष ६१ को गणेश भनिने गजाधर सापकोटा।



३. जिल्ला काठमाण्डौं, काठमाण्डौं महानगरपालिका सितापाईला चोकबाट जिल्ला कैलाली घोडाघोडी न.पा. १० पहलमानपुर बस्ने वर्ष ३६ को प्रताप चौधरी।

**मिति २०७९।१०।२० गते पक्राउ मानिसहरू :-**



१. जिल्ला ललितपुर, ललितपुर महानगरपालिका लगनखेलबाट जिल्ला भोजपुर अरुण गाँउपालिका वडा नं. २ स्थायी वतन भई हाल जिल्ला काठमाण्डौ, काठमाण्डौं महानगरपालिका वडा नं. -६ चावहिल बस्ने बर्ष ४५ को डम्बर कुमार आले मगर।



२. का.जि.का.म.पा. हात्तीसारबाट जि. गोरखा पालुङटार नगरपालिका वडा नं २, ठाँटीपोखरी बस्ने बर्ष ४७ को दान बहादुर राना।



३. का.जि. का.म.पा. जमलबाट जि.स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं.-१ बस्ने बर्ष ४६ को निर्मल शाही।

**मिति २०७९।१०।२२ गते पक्राउ मानिस:-**



१. जिल्ला स्याङजा वालिङ नगरपालिका वडा नं.-८ जैसीपधेँरा बस्ने वर्ष ३८ की हरिमाया रानालाई ऐ.ऐ. बाट पक्राउ गरिएको ।

**मिति २०७९।१०।२४ गते पक्राउ मानिस:-**



१. जिल्ला चितवन साबिक शक्तिखोर गा.वि.स ५ हाल भरतपुर म.न.पा. ८ बस्ने बर्ष ४० कि सम्झना चेपाङ भन्ने कमला तामाङलाई भरतपुर म.न.पा. वडा नं ८ गौरीगंज सल्यानीबाट पक्राउ गरिएको ।

**मिति २०७९।१०।२५ गते पक्राउ मानिसहरू:**



१. जिल्ला चितवन, कालिका नगरपालिका वडा नं. ९ शेरबास बस्ने बर्ष ३९ को राजु भन्ने सोम बहादुर चेपाङलाई ऐ.ऐ. बाट पक्राउ गरिएको ।



२. जिल्ला चितवन इच्छाकामना गाँउपालिका वडा नं. ७ पदमपुर बस्ने बर्ष ३० कि तुलसी चेपाङलाई ऐ.ऐ. बाट पक्राउ गरिएको ।



३. जिल्ला चितवन, इच्छाकामना गाँउपालिका वडा नं. ७ सुन्दरबस्ती बस्ने बर्ष ३९ को बिरमान वाइबालाई ऐ.ऐ. बाट पक्राउ गरिएको ।



४. जिल्ला चितवन, कालिका नगरपालिका वडा नं. ९ शेरबास बस्ने बर्ष ३० को राधाकृष्ण चेपाङलाई भरतपुर महानगरपालिका वडा नं ९ हाकिमचोकबाट पक्राउ गरिएको ।



५. जिल्ला चितवन, भरतपुर म.न.पा. ८, गौरीगंज, सल्यानी बस्ने बर्ष ५२ को आइत बहादुर तामाङलाई भरतपुर महानगरपालिका वडा नं ९ हाकिमचोकबाट पक्राउ गरिएको ।

**प्रारम्भिक सोधपुछको क्रममा खुलेको घटनाक्रमः-**

- पक्राउ प्रतिवादी सोम बहादुर चेपाङ समेतको टोलीले चितवन जिल्ला, कालिका नगरपालिका वडा नं १ को चतुरमुखी सामुदायिक बन उपभोक्ता समुह तथा भरतपुर महानगरपालिका वडा नं ११ को नवजागृती सामुदायिक बन उपभोक्ता समितिको सीमानामा पर्ने खगेडी खोला वन क्षेत्रमा अवैध रूपमा गैंडा मारी खाग काटी लगेको ।
- केही दिन उक्त खाग पक्राउ प्रतिवादी राजु भन्ने सोम बहादुर चेपाङले कालिका नगरपालिका वडा नं ९ शेरवासस्थितमा लुकाई राखेको ।
- राजु भन्ने सोम बहादुर चेपाङ समेतले सम्झना भन्ने कमला तामाङको योजना बमोजिम निजलाई खाग बिक्रि गर्नको लागि दिएको ।
- सम्झना भन्ने कमला तामाङले गैंडाको खागको तस्विर प्रतिवादी हरिमाया रानाको मोवाइलमा पठाएको र निजले प्रतिवादी निर्मल शाहीको मोवाइलमा उक्त खागको तस्विर पठाएको ।
- कमला तामाङले उक्त खाग काठमाण्डौ ल्याउन बिरमान वाईबा समेतको योजना र सहयोगमा काठमाण्डौ लैजाने योजना बनाएको ।
- मिति २०७९।०८।०१ गते चितवनबाट मोटरसाइकलमा मुग्लिङ हुँदै काठमाण्डौंसम्म खाग ल्याई बीस लाखमा बिक्री गर्ने सहमतिमा प्रतिवादी निर्मल शाहीलाई दिएको ।
- निर्मल शाहीले उक्त खाग अवैध रूपमा बिक्रि गर्नको लागि दान बहादुर राना, डम्बर बहादुर आले मगर समेतको सहयोगमा बाबुलाल भट्टराई, गजाधर सापकोटा र प्रताप चौधरीको समुहलाई दिएको ।
- बाबुलाल भट्टराई, गजाधर सापकोटा र प्रताप चौधरीको समुहले उक्त खाग जमुना शर्मा र इन्द्रमणी आचार्यलाई दिएको ।
- संरक्षित वन्यजन्तुको आखेटोपहार अवैध रूपमा ओसारपसार तथा खरिद बिक्री गर्न लागेको भन्ने विशेष सूचनाको आधारमा वातावरण तथा वन्यजन्तुसँग सम्बन्धित अपराध रोकथाम, नियन्त्रण तथा अनुसन्धानको लागि मिति २०७९।०९।१९ गते केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरी टोलीले का.म.पा. वडा नं. ७ सरस्वतीनगरबाट जमुना शर्मा र इन्द्रमणी आचार्यलाई गैंडाको खाग सहित पक्राउ गरेको ।

उल्लेखित कसूरमा संलग्न मानिसहरूलाई पक्राउ गरी आवश्यक कानूनी कारवाहीको लागि डिभिजन वन कार्यालय, हात्तिसार काठमाण्डौंमा बुझाईएको ।

उप-निर्देशक
(सञ्जय सिंह थापा)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर ९८५१२९१३११

मिति २०७९।१०।२६ गते ।